**मुक्तिनाथ दर्शन सेवा**



दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे

**पोखरा साइडसिन सेवा**

पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:00 बजे

रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा

रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर



**मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.**
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २६ ❑ अङ्क १९२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ साउन ८ गते बिहीबार ❑ 24 July 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।–


## पुष्पलाल सही विचार, गतिशील सङ्गठन र समर्पित नेतृत्वका धनी : प्रधानमन्त्री

रासस
काठमाण्डौं, ७ साउन



प्रधानमन्त्री केपी शर्मा ओलीले नेपाल कम्युनिष्ट पार्टीका संस्थापक महासचिव पुष्पलाल सही विचार, गतिशील सङ्गठन र समर्पित नेतृत्वका धनी हुनुहुन्थ्यो भन्दै समाज बदल्ने सपना बोकेकाहरूले उहाँका विचारलाई अनुसरण गर्नुपर्नेमा जोड दिनुभएको छ।

नेकपा (एमाले) को केन्द्रीय कार्यालय, च्यासलमा आज आयोजित ४७औँ पुष्पलाल स्मृति दिवसका कार्यक्रममा एमालेका अध्यक्ष एवं प्रधानमन्त्री ओलीले सिद्धान्त छोडेर भाग्ने र विरोधीसँग गएर घाँटी जोडेर दुनो सोझ्याउने काम पुष्पलालले कहिल्यै नगरेको स्पष्ट गर्नुभयो।

"पुष्पलाल आदर्शप्रति सधैँ दृढ रहनुभयो। उहाँका केही सीमाहरू थिए होलान् तर विचार र काममा उहाँ अग्रणी हुनुहुन्थ्यो। उहाँ साँच्चैको क्रान्तिकारी व्यक्ति हुनुहुन्थ्यो", अध्यक्ष ओलीले भन्नुभयो, "जात र धर्मबाट उहाँ माथि हुनुहुन्थ्यो। आफ्नो थरमा श्रेष्ठ लेख्नुभएन। नेपालमा कम्युनिष्टहरूको सङ्गठनलाई गतिशील रूपमा हाँक्नसक्ने नेता हुनुहुन्थ्यो। उहाँ सही विचार र समर्पित नेतृत्व भएको व्यक्ति हुनुहुन्थ्यो। उहाँकै विरासत बोकेको एमालेका नेता कार्यकर्ताले ती पक्षहरूलाई बिर्सन मिल्दैन।"

विसं १९८१ असार १५ गते रामेछापको भँगेरीमा जन्मिनुभएका पुष्पलालले नै कार्लमार्क्स र फ्रेडरिक एङ्गेल्सद्वारा लिखित 'कम्युनिष्ट घोषणापत्र' लाई पहिलो पटक नेपाली भाषामा अनुवाद गर्नुभएको थियो। उहाँकै नेतृत्वमा नेपालमा पहिलोपटक २००६ वैशाख १० गते नेकपा स्थापना भएको थियो। उहाँको २०३५ साउन ७ गते उपचारका क्रममा भारतमा निधन भएको थियो।

## कास्कीमा गत बर्ष २१ हजार २ सयले राहदानी लिए

पोखरापत्र संवाददाता
पोखरा, ७ साउन



कास्कीमा गत आर्थिक बर्ष २०८१/०८२ मा २१ हजार २ सय ५२ जनाले राहदानी लिनु भएको छ। अघिल्लो बर्षको तुलनाका कास्कीमा गत बर्ष २ सय ८१ जनाले राहदानी लिनु भएको जिल्ला प्रशासन कार्यालय कास्कीले जनाएको छ।

अघिल्लो आर्थिक बर्ष २०८०/०८१ मा कास्कीबाट २१ हजार ५ सय ३३ जनाले राहदानी लिनु भएको जिल्ला प्रशासन कार्यालय कास्कीका सूचना अधिकारी शिव लम्सालले बताउनु भयो। गत बर्ष २१ हजार ८ सय ९२ जनाले राहदानीको लागि फम भर्नु भएको (इन्रोल) गर्नु भएको थियो भने अघिल्लो बर्ष १९ हजार ३ सय ३२ जनाले राहदानीको लागि फम भर्नु भएको हो। गत बर्ष कास्कीबाट १४ हजार ३ सय १२ जनाले नागरिकता लिनु भएको छ। भने अघिल्लो बर्षमा १९ हजार १ सय ५६ जनाले नागरिकता लिनु भएको प्रशासनले जनाएको छ। गत बर्ष प्रतिलिपि नागरिकता लिने १२ हजार १ सय ७० जना हुनु हुन्थ्यो भने अघिल्लो बर्ष प्रतिलिपि नागरिकता लिनेको सङ्ख्या भने १० हजार ६ सय ९५ जना रहेको थियो।

कास्की जिल्लाबाट भारतदेखि अमेरीका, अष्ट्रेलिया, जापान, वेलायत, हङकङ, यूरोप लगायतका देशमा रोजगार देखि विभिन्न ढंगले विदेश जाने क्रम पछिल्लो समयमा बढी रहेको सूचना अधिकारी लम्सालले बताउनु भयो। राहदानी बनाउदा तथा नविकरण गर्दा ५ हजार र समय अबधि भएको अबस्थामा हराएको तथा च्यातिएको अबस्थामा राहदानी बनाउदा भने १० हजार शुल्क लाग्ने गर्दछ।

## लोकतन्त्र बलियो बनाउन पूर्वराष्ट्रपतिलाई सक्रिय राजनीतिमा फर्काइएन : महासचिव पोखरेल

पोखरापत्र संवाददाता
तनहुँ, ७ साउन

नेपाल कम्युनिष्ट पार्टी (एमाले)का महासचिव शङ्कर पोखरेलले लोकतन्त्रलाई बलियो बनाउनका लागि पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीलाई पार्टीको सक्रिय राजनीतिमा नफर्काइएको बताउनुभएको छ।

पार्टीको प्रचार तथा प्रकाशन विभागले आज यहाँ आयोजना गरेको पार्टीको नवौँ केन्द्रीय कमिटी बैठकको निर्णय सार्वजनिक कार्यक्रममा उहाँले पूर्वराष्ट्रपति भण्डारी एमालेमा प्रवेश गर्दा पार्टी बलियो हुने भए पनि लोकतन्त्र कमजोर हुने बताउनुभयो। पूर्वराष्ट्रपति भण्डारी राजनीतिमा सक्रिय हुने दलीय कोणबाट मात्र नहेरेर समग्र राष्ट्रको लोकतान्त्रिक र भविष्यसँग जोडेर हेर्नुपर्ने उहाँको भनाइ थियो।

"उहाँ हाम्रो पार्टीको आन्दोलनमा आउँदा हामीलाई फाइदा पनि पुग्थ्यो होला। तर लोकतन्त्रको मूल्यलाई कमजोर बनाएर दललाई बलियो बनाउने कुरा राम्रो होइन", महासचिव पोखरेलले भन्नुभयो, "लोकतन्त्रको मूल्य स्थापित गर्ने कुरा लोकतान्त्रिक पार्टीको कर्तव्य हो भनेर बुझ्नुपर्दछ। स्वाभाविक रूपमा प्रभावशाली व्यक्ति पार्टीमा जोडिने कुरा पार्टीका लागि लाभको विषय हुनसक्ला तर राष्ट्रका लागि केही हुन्छ भन्ने कोषबाट पनि हामीले सोच्नुपर्दछ।" महासचिव पोखरेलले पूर्वराष्ट्रपति भण्डारी आफैँ राजनीतिमा सामेल नभएर राजनीतिको अभिभावकको भूमिमा रहनुपर्ने बताउनुभयो। "राजनीति बिग्रन थाल्यो भने सपार्ने हो तर आफैँ दलीय राजनीतिमा आउने होइन। लोकतन्त्रलाई सही दिशामा अघि बढाउने कुरामा उहाँको भूमिका रहन्छ, उहाँ घरमा चुप लागेर बस्नुहुन्छ भनेर पार्टीको अपेक्षा होइन", महासचिव पोखरेलले भन्नुभयो, "उहाँले मुलुकलाई सही दिशा दिन सक्नुहुन्छ। सामाजिक भूमिकामा सक्रिय बन्न सक्नुहुन्छ भन्ने पार्टीले अपेक्षा गरेको छ।" पत्रकार सम्मेलनमा एमाले प्रचार विभाग प्रमुख राजेन्द्र गौतमले केन्द्रीय कमिटी बैठकले संवैधानिक राष्ट्रपति, उपराष्ट्रपतिजस्ता उच्च संवैधानिक ओहोदामा पुगिसकेको व्यक्ति दलीय राजनीतिमा फर्किने विषय संविधानको मर्म अनुकूल नहुने, यसले पदमा बहाल रहँदा गरेका कामहरूको संवैधानिकता र निष्पक्षतामाथि प्रश्न उठ्ने, लोकतान्त्रिक मूल्यलाई कमजोर गर्ने र व्यक्ति स्वयंको सम्मानित व्यक्तित्वलाई विवादित बनाउने मान्यतामा उभिएर त्यस्तो अभ्यास गर्न नहुने निर्णय गरेको जानकारी दिनुभयो।

## मुलुकमा सबै कम्युनिष्ट एकीकृत हुनुपर्छ : अध्यक्ष दाहाल

पोखरापत्र संवाददाता
पोखरा, ७ साउन



नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले कम्युनिष्ट पार्टीका संस्थापक महासचिव पुष्पलालको परिपक्व विचार र कार्यनीतिले मुलुकमा लोकतन्त्र स्थापना भएको बताउनुभएको छ।

नेकपाका संस्थापक महासचिव पुष्पलालको ४७औँ स्मृति दिवसका सन्दर्भमा आयोजित विचार गोष्ठीमा उहाँले संयुक्त जनआन्दोलनको नीतिका आधारमा आफूहरुले निर्माण


बाँकी अन्तिम पृष्ठमा ▶▶


## विस्तारपछि सडक दुर्घटना बढ्दै

पोखरापत्र संवाददाता
तनहुँ, ७ साउन

पृथ्वी राजमार्गअन्तर्गत मुग्लिन-पोखरा सडक विस्तारका क्रममा नै छ। सडक विस्तारपछि यातायात सहज बने पनि दुर्घटना भने बढ्दै गएको छ। सडक दुर्घटनामा परी एक वर्षमा ६२ जनाको मृत्यु भएको जिल्ला ट्राफिक कार्यालयले जनाएको छ। आर्थिक वर्ष २०८१/८२ मा ९० साना तथा ठूला सवारी साधन दुर्घटना हुँदा ६२ जनाको मृत्यु भएको जिल्ला ट्राफिक कार्यालय तनहुँका प्रमुख कृष्णबहादुर चन्दले जानकारी दिनुभयो। पुरुष ३५, महिला २२, बालक दुई र बालिका तीन गरी ६२ जनाले सवारी दुर्घटनामा ज्यान गुमाएका छन्।

सवारी दुर्घटनामा परी ७६ जना गम्भिर घाइते भएका छन् भने ४३ जना सामान्य घाइते भएका चन्दले बताउनुभयो। ट्राफिक प्रमुख चन्दले भन्नुभयो, "ठूलो बस आएको पर्यटकको दुर्घटनाले जिल्लाको मृत्युदरको तथ्याङ्क बढेको छ, विगतको तुलनामा हेर्दा सामान्य हो, तर ह्वात्तै बढेको मृत्युदरले प्रश्न उठाउने गरेको छ।" ट्रक ट्याङ्कर सात, टिपर पाँच, बस १६, माइक्रो तीन, जीपकार १४, ट्र्याक्टर चार र मोटरसाइकल ४१ गरी कुल ९० सवारी साधन दुर्घटना भएका ट्राफिकको तथ्याङ्कमा उल्लेख छ। आर्थिक वर्ष २०८०/८१ मा सवारी दुर्घटनामा परी ३९ जनाको मृत्यु भएको छ।

सवारी दुर्घटनामा ५० जना गम्भीर घाइते र ५१ जना सामान्य घाइते भएका थिए। यस आवमा ५० सवारी साधन दुर्घटना भएका थिए। आर्थिक वर्ष २०७९/८० मा ५२ जनाको सवारी दुर्घटनामा परी मृत्यु भएको तथ्याङ्कमा उल्लेख छ।

सवारी साधन दुर्घटनामा परी ४९ जना गम्भिर घाइते र १४ जना सामान्य घाइते भएका थिए।प्रमुख चन्दले भन्नुभयो, "सडक विस्तार भएपछि सवारी साधन दुर्घटना बढ्दै गएको छ, दुर्घटना बढेपछि मृत्युदर पनि बढ्दो छ।" सडक सहज भएको छ। अधिकांश यात्रु तनहुँका सडकको यात्रामा हुने घुम्ती तथा स्ट्रेट रोडको बारेमा जानकार नहुँदा बढी दुर्घटनामा पर्ने उहाँको भनाइ छ।

उहाँले भन्नुभयो, "करिब ७२ किलोमिटर दुरीको मुग्लिन-पोखरा सडक खण्डमा अधिक स्थानमा सडक विस्तारपछि सहज बनेको छ, तर घुम्ती पनि उस्तै छन्, ती घुम्ती आउने समय नयाँ यात्रु जानकार हुँदैनन्, त्यसले गर्दा दुर्घटना दर बढ्न सक्ने अनुमान गरेका छौं।" सडक विस्तारपछि यात्रा सहज बनेको छ। यस सडकमा यात्रा गर्दा सहजतासँगै घुम्तीमा दुर्घटना बढ्न सक्ने भएकाले यात्रु नै सचेत हुनुपर्ने अवस्था भने देखिएको उहाँ बताउनुहुन्छ।


**गर्मीयाममा लाग्नसक्ने रोगबाट बचौं र बचाऔं।**

- पर्याप्त मात्रामा पानी वा झोलिलो पदार्थ पिउने गरौं,
- मौसम अनुसारका ताजा तरकारी एवं फलफूल उपभोग गरौं,
- सडेगलेको र बासी खानेकुरा नखाऔं
- खुलास्थानमा असुरक्षित तरिकाले राखिएका खाने कुरा नखाऔं,
- धेरै अमिलो, चिल्लो र मसलेदार खाना नखाऔं,
- घर बाहिर हिड्दा शरीर ढाक्ने गरी लुगा लगाऔं,
- घर, आँगन र आसपासको क्षेत्र सफा राखौं,
- व्यक्तिगत सरसफाईमा ध्यान दिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड



सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# पोखरामा कौसीखेतीप्रति आकर्षण बढ्दै

**पोखरापत्र संवाददाता**
पोखरा, ७ साउन



पोखरा महानगरपालिका-१३ पाटनबैंसीमा पत्रकार शिरोमणि बरालले घरको कौसीमा ड्रागन फलको खेती सुरु गर्नुभएको आठ महिना भयो । उहाँको कौसीमा लगाइएका ड्रागनका बोटहरूमा फल लाग्न थालिसकेका छन् ।

सुरु गरेको आठ महिना नपुग्दै ड्रागल फल्न थालेपछि उहाँ दङ्ग हुनुहन्छ । ड्रागन फलका कारण कौसीमा हरियाली छाएको भन्दै फल्दै गरेका बोट हेर्दा पनि आनन्दको अनुभूति हुने गरेको उहाँले अनुभव सुनाउनुभयो ।

ड्रागन फल लगाउन आफ्नो श्रमबाहेक करिब रु ७० हजार लगानी गरेको जनाउँदै उहाँले घरमा ल्याउने गरिएका बजारका विषादीयुक्त फलफूल तथा तरकारीको प्रयोग कम गर्नका लागि पनि विशेषतः बजार क्षेत्रमा कौसीखेती महत्त्वपूर्ण विकल्प हुने बताउनुभयो । "बजार क्षेत्रमा आफ्नो घरको छतको समेत अधिक उपयोग गर्न कौसीखेती उपयुक्त विकल्प हो", बरालले भन्नुभयो, "बजारमा पाइने तरकारी तथा फलफूलमा विषादीको बढ्दो प्रयोगका कारण हाम्रो स्वास्थ्य दिनानुदिन जटिल बन्दै गएका अवस्थामा विकल्पका रूपमा कौसीखेती गर्न सकिन्छ ।"

कौसीमा फलफूलसँगै दैनिक भान्छामा अत्यावश्यक पर्ने गोलभैँडा, धनियाँ, लसुन, प्याजलगायत अन्य तरकारी फलाउन सकिने बताउँदै उहाँले घरमा बिहान-बेलुका फालिने तरकारी तथा अन्य वस्तुहरूलाई जैविक मलका रूपमा उपयोग गर्न सकिने अनुभव सुनाउनुभयो । आफूले कुनै पनि अनुदान सहयोगबिना व्यक्तिगत रूपमा कौसीखेती सुरु गरेको बताउँदै बरालले सहरी क्षेत्रमा प्रत्येक घरमा कौसीखेतीलाई अभियानका रूपमा अघि बढाउनु जरुरी रहेको धारणा राख्नुभयो । बरालजस्तै पछिल्ला वर्षमा पोखराका बजारमा क्षेत्रमा स्थानीयहरूको कौसी खेतीप्रतिको आकर्षण बढिरहेको छ ।

पोखरा महानगरपालिकाले बजार क्षेत्रलाई लक्षित गरी कौसीखेती प्रवर्द्धन कार्यक्रमसमेत सञ्चालन गरिरहेको महानगरका कृषि विकास शाखा प्रमुख मनहर कडरियाले जानकारी दिनुभयो । पोखरा क्षेत्रमा स्थानीय कौसीखेतीतर्फ आकर्षित बनिरहेका उल्लेख गर्दै उहाँले महानगरले पोखराका मुख्य बजार क्षेत्रलाई लक्षित गरी प्रवर्द्धन कार्यक्रममा जोड दिएको बताउनुभयो । प्रत्येक वडामा कौसीखेती प्रवर्द्धन कार्यक्रमका लागि रु एक लाख ५० हजारका दरले बजेट विनियोजन गरी कार्यक्रम सञ्चालन गरिँदै आइएको उहाँको भनाइ छ ।

कतिपय वडामा कौसीखेतीका लागि वडामार्फत बीउबिजन उपलब्ध गराइएको जनाउँदै कडरियाले प्रवर्द्धन कार्यक्रममार्फत कम्पोष्ट बिनमा ५० प्रतिशत र प्राङ्गारिक मलमा ५० प्रतिशत अनुदानसमेत उपलब्ध गराइएको बताउनुभयो । "कौसीखेती प्रवर्द्धन कार्यक्रममार्फत सहरी फोहोर व्यवस्थापन, हरियाली निर्माण, स्वस्थ्य उत्पादन एवं स्रोतको उपयोगजस्ता उद्देश्य राखिएको छ", उहाँले भन्नुभयो, "वडास्तरीय कृषि सञ्जालका माध्यमबाट वडा अभियानका रूपमा यी कार्यक्रम अघि बढाइएका छन् ।"



गौडाकोमुखमा घण्टाकर्ण पर्वः प्रत्येक वर्ष श्रावण कृष्ण चतुर्दशीका दिन मनाइने घण्टाकर्ण पर्व बुधवार मनाएको छ। गौडाकोमुख स्थित वालगोपाल भजन कृतन सेवा समितिको आयोजनामा सो पर्व मनाइएको हो। समितिले निर्माण गरेको घण्टाकर्णको पुत्ला वरिपरि दाजुभाइ तस्विर लिँदै। घण्टाकर्ण पर्वलाई देशभरका नेवार समुदायले भने गठेमङ्गल पर्वका रुपमा मनाउने गरिएको गौडाकोमुख निवासी समाजसेवी रजत ढेवाजूले पोखरापत्रलाई वताए। यो पर्वलाई लुतो फाल्ने पर्वको रुपमा पनि मनाइन्छ। फोटोः पोखरापत्र

# ध्वनी प्रदुषण गर्ने सवारीलाई कारवाही गर्ने बैदाम डिएसपी भट्टराईको चेतावनी

**पोखरापत्र संवाददाता**
पोखरा, ७ साउन



वडा प्रहरी कार्यालय बैदाम, पोखराका प्रमुख प्रहरी नायब उपरीक्षक नवराज भट्टराइले ध्वनी प्रदुषण गर्ने सवारी साधनलाई नियन्त्रण गर्ने बताएका छन् ।

साउन ५ गते वडा प्रहरी कार्यालय बैदामामा प्रमुखको रुपमा आएका भट्टराइले स्वरुप परिवर्तन गरेका र ध्वनी प्रदुषण गर्ने मोटरसाइकललाई तत्काल कारवाही गर्न प्रहरी परिचालन गरिएसकेको बताए। सामुदायिक सेव केन्द्र एवं सामुदायिक प्रहरी सेवा बैदामले आयोजना गरेको स्वागत कार्यक्रममा भट्टराइले शान्ती सुरक्षा सबैको सरोकारको विषय रहेको बताए। भट्टराईले पर्यटकीय क्षेत्र लेकसाइडमा मोटरसाइकलले ध्वनी प्रदुषण गरेको गुनासो सुने पछि आफुले ध्वनी प्रदुषण गर्ने मोटरसाइकल नियन्त्रणका लागि प्रहरी खटाइसकेको बताए।

भट्टराईले पर्यटकीय नगरीलाई सभ्य र सुरक्षीत बनाउन सबैको साथ लिएर अगाडी बढ्ने बताए । प्रहरीले गर्नुपर्ने काम कर्तब्यमा रहेर शान्ती सुरक्षा कायम गर्न आफु लाग्ने उनले प्रतिवद्धता व्यक्त गरे । सामुदायिक सेव केन्द्र एवं सामुदायिक प्रहरी सेवा बैदामका अध्यक्ष ठाकुर प्रसाद बरालले बैदाममा हुने गरेका अवान्छिक कृयाकलपलाई रोक्न भट्टराइको ध्यानाकर्षण गराएका थिए । बरालले रात्रीकालिन व्यवसायका कारण होहल्ला हुने गरेका कारण स्थानीयहरु प्रभावित भएको बताए । उनले लेकसाइडको हल्लनचोक देखी बाराहीघाट सम्म पार्किङको समस्या रहेको, फेवाताल किनारको फुटट्रेल लागु पर्दाथ दुर्व्यसनीको अखडा बनेकाले यसलाई नियन्त्रण गर्नुपर्ने बताए।

कार्यक्रममा सामुदायिक सेव केन्द्र एवं सामुदायिक प्रहरी सेवा बैदामका संस्थापक अध्यक्ष मंगल नेपाली, पूर्वअध्यक्ष लक्ष्मीनारायण श्रेष्ठ, पूर्वअध्यक्ष मिना भट्टराई लगायतले दण्डहिनता मौलाउदा शान्तीसुरक्षा खलबलिने भएकाले प्रहरी सचेत हुनुपर्ने धारणा राखे । स्वागत कार्यक्रममा संस्थाका उपाध्यक्ष सोभियत परियार र महासचिव शान्ता तिमिल्सीना, समाजसेवी नविन बराल लगायतले लेकसाइड पर्यटकीय क्षेत्र भएकाले शान्ती सुरक्षामा ध्यान दिन आवश्यक रहेको बताए । उनिहरुले कास्कीका अन्य क्षेत्र भन्दा लेकसाइडलाई प्राथमिकतामा राखेर हेर्नुपर्ने धरणा राखे ।

# एक सय ५७ रोपनीमा सुन्तलाखेती विस्तार

**पोखरापत्र संवाददाता**
दमौली, ७ साउन



जिल्लास्थित कृषि ज्ञान केन्द्रले १५७ रोपनी क्षेत्रफलमा सुन्तलाखेती विस्तार गरेको छ । आर्थिक वर्ष २०८१/८२ को कार्यक्रमअनुसार केन्द्रले उक्त क्षेत्रफलमा सुन्तलाखेती विस्तार गरेको हो ।

केन्द्रले ब्लक विकास कार्यक्रमअन्तर्गत भिमाद नगरपालिका-९ स्थित अस्पाग्दी सुन्तला विकास कृषक समूहमार्फत तीन हजार १५० सुन्तलाका बोट लगाइएको केन्द्रका प्रमुख गोपाल शर्मा लामिछानेले जानकारी दिनुभयो । उहाँका अनुसार यस कार्यक्रमका लागि रु १४ लाख ५० हजार बजेट विनियोजन गरिएकामा रु सात लाख ४८ हजार खर्च भएको छ । यस कार्यक्रमअन्तर्गत सहकारीलाई आठ मिनीटिलर, सात स्प्रेयर, पाँच आरी, दश सिकेचर, दश ट्र्याक्टर गोठेमल वितरण गरिएको जनाउँदै उहाँले तीन पोखरी र चार सिँचाइ ट्याङ्की निर्माण गरिएको बताउनुभयो । यसैगरी, केन्द्रले सोही आर्थिक वर्षमा १९ वटा सहकारीमार्फत फलफूल बगैँचा व्यवस्थापन तथा सुदृढीकरण सहयोग कार्यक्रम सम्पन्न गरेको छ । कार्यक्रमका लागि रु १५ लाख बजेट विनियोजन गरिएकामा रु १० लाख ४० हजार वितरण गरिएको लामिछानेले जानकारी दिनुभयो । उहाँका अनुसार कार्यक्रममार्फत ३८१ रोपनी क्षेत्रफलमा लगाइएका फलफूल बगैँचा व्यवस्थापन तथा सुदृढीकरण भएको छ ।

यस कार्यक्रममार्फत ५० किलो चुना, ४० किलो नीलोतुथो, २६० किलो 'रेडिमेड पेष्ट', एक लाख ९४ हजार ८०० किलो गोबर मल, ३०० किलो पिना, तीन हजार १०० मिटर सिँचाइ पाइप, आठ ब्रस कटर, दुई मिनीटिलर, ६० आरी, एक मोटर र एक तराजु वितरण गरिएको छ । फलफूल बगैँचा स्थापना तथा विस्तार कार्यक्रमअन्तर्गत ४१४ रोपनी क्षेत्रफलमा नयाँ फलफूल बगैँचा स्थापना गरिएको केन्द्रले जनाएको छ । कार्यक्रम सञ्चालनका लागि २० कृषक समूह छनोट भएका गरी रु ३० लाख बजेटमध्ये रु १३ लाख ५३ हजार खर्च भएको लामिछानेले जानकारी दिनुभयो । यस कार्यक्रमबाट सुन्तला कलमी एक हजार २७२, सुन्तला बिजु तीन हजार २५०, कागती कलमी ४६०, कागती बिजु ७९०, निबुवा ४६०, एभोकाडो १६०, लिची १६७, मेवा ८२०, केरा ५२८, ड्रागन एक हजार ५०० र अन्य बिरुवा ३२९ रोपिएका छन् । सुन्तलाजात फलफूल बगैँचा सुदृढीकरण कार्यक्रमअन्तर्गत सात हजार ९२५ रोपनी क्षेत्रफलमा लगाइएको सुन्तलाजात फलफूल बगैँचा व्यवस्थापन तथा सुदृढीकरण गरिएको छ । यसका लागि रु ६० लाख बजेट रहेकामा रु ३९ लाख ८८ हजार खर्च भएको र ७० कृषक समूह लाभान्वित भएको केन्द्रले जनाएको छ ।

# दीर्घरोगी बिरामीको उपचारमा रु ६२ लाख बढी खर्च

**पोखरापत्र संवाददाता**
दमौली, ७ साउन

आर्थिक वर्ष २०८१/२०८२ मा व्यास नगरपालिका कार्यालयले ११७ जना दीर्घरोगी बिरामीका लागि रु ६२ लाख १० हजार उपचारमा खर्च गरेको छ।

मिर्गौला प्रत्यारोपण, मिर्गौला डायलासिस, क्यान्सर रोग पहिचान भई तीन/तीन महिनामा जचाउने गरेका, मेरुदण्डको पक्षघात र पार्किनसन (बिर्सिने) रोगका बिरामीलाई मासिक रु पाँच हजारका दरले बैंक खातामार्फत भुक्तानी गरेको हो । विपन्न नागरिकले उक्त सुविधा लिनका लागि सम्बन्धित वडा कार्यालयको सिफारिस, चिकित्सक सिफारिस र व्यास नगरपालिकाको बासिन्दा हुनुपर्ने व्यवस्था रहेको स्वास्थ्य तथा जनसङ्ख्या शाखा प्रमुख प्रमोद सोतीले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "सङ्घीय सरकारमार्फत बजेट आएकाले सामाजिक सुरक्षा भत्ता पाउँदै आएका, सरकारको बहालवाला जागिरे कर्मचारी र पेन्सन पाइरहेका व्यक्तिले यस किसिमको सुविधा लिन पाउँदैनन् ।" "विपन्न नागरिकका लागि अस्पतालसम्म पुग्न समस्या भएको अवस्थामा नगरपालिकाले बढीमा रु १५ हजारसम्म सहयोग रकम प्रदान गर्न सक्नेछ", उहाँले भन्नुभयो, "यसका लागि वडाको सिफारिस र व्यास नगरवासी भएको हुनुपर्नेछ ।" त्यसैगरी, दीर्घरोगी समस्या भई अस्पतालबाट औषधि उपचारमा छुट लिन नगरपालिकाले १२६ जना विपन्न नागरिकलाई सिफारिस गरी पठाइएको जनाएको छ ।

ज्येष्ठ नागरिक, सुत्केरी, विपन्न नागरिक, मानसिक रोगी गरी ९८ जनालाई निःशुल्क रूपमा एम्बुलेन्स सेवा प्रदान गरिएको व्यासका प्रमुख प्रशासकीय अधिकृत काशीराम गैरेले जानकारी दिनुभयो ।




# मुलुकमा ...

गरेको बृहत्तर मोर्चाका साथै तत्कालीन सात दलको संयुक्त जनआन्दोलनका बलमा देशमा सङ्घीय लोकतान्त्रिक गणतन्त्र सम्भव भएको बताउनुभयो ।

सबै देशभक्त कम्युनिष्टले पुष्पलाललाई साझा व्यक्तिका रूपमा स्वीकार्ने बताउँदै अध्यक्ष दाहालले सबै कम्युनिष्ट एकीकृत हुनुपर्नेमा जोड दिनुभयो । पूर्व प्रधानमन्त्री समेत रहनुभएका दाहालले सामाजिक विज्ञानको अनुसन्धानकर्ता, दार्शनिक, चिन्तकका रुपमा आफूले पुष्पलाललाई स्मरण गर्दै आफू ३६ वर्षदेखि नेतृत्वमा रहेर भिन्न मतलाई सम्मान गर्ने गरेको उल्लेख गर्नुभयो । नेपाल कम्युनिष्ट पार्टी एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले मुलुकमा जनअधिकार स्थापनाका लागि निरङ्कुशताविरुद्धको सङ्घर्षमा पुष्पलालले गर्नुभएको योगदानको चर्चा गर्नुभयो । उहाँले हाल देशमा थुप्रै कम्युनिष्ट पार्टी छरिएकाले तिनलाई एकीकृत गर्न सकेमा पुष्पलालप्रति साँचो सम्मान हुने विचार व्यक्त गर्नुभयो । नेपाल कम्युनिष्ट पार्टीका महासचिव नेत्रविक्रम चन्दले निरङ्कुशताविरुद्ध सङ्घर्ष अगाडि बढाउन पुष्पलालले वर्ग विश्लेषण र राजनीतिक विश्लेषण गर्दै कार्यक्रम सञ्चालन गरेको उल्लेख गर्नुभयो । पुष्पलालले कुशल सङ्गठकको भूमिका निर्वाह गरेको स्मरण उहाँले गर्नुभयो ।

जनता समाजवादी पार्टी सङ्घीय परिषद्का अध्यक्ष राजेन्द्र श्रेष्ठले सामाजिक असमानता, विभेद्को अन्त्य गर्न कम्युनिष्ट एकताको खाँचो औँल्याउनुभयो । जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले परिवर्तनकामी राजनीतिक शक्तिलाई एकताबद्ध भएर जानुपर्ने दृष्टिकोण राखेका पुष्पलालको वैचारिक दृष्टिकोणको सराहना गर्नुभयो । उहाँले कम्युनिष्ट आन्दोलन अहिले जालझेल र षड्यन्त्रमा रुमल्लिरहेकाले त्यसको अन्त्य गर्नुपर्नेमा जोड दिनुभयो ।




फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफसेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

एक क्षणको पाप कैयौं वर्षको कष्ट बन्छ ।

– कालीदास

## सम्पादकीय

# पूर्व राष्ट्रपतिलाई एमालेले सदस्यता नदिने

नकपा एमालेलाई विद् भण्डारीको पार्टी सदस्यता स्वतः निष्क्रिय भएको स्पष्ट पारेको छ। पार्टीको केन्द्रीय कमिटी बैठकको निर्णयका बारेमा जानकारी दिन बुधबार पार्टी कार्यालय च्यासलमा एमाले प्रचार तथा प्रकाशन विभागले आयोजना गरेको पत्रकार सम्मेलनमा एमालेमा महासचिव शंकर पोखरेलले पूर्वराष्ट्रपति भण्डारी पार्टी राजनीतिमा फर्किन उपयुक्त नहुने निष्कर्ष पार्टीले निकालेपछि सदस्यता नवीकरणको विषय स्वतः निष्क्रिय भएको बताए । गरिमामय भूमिकामा रहेको राष्ट्राध्यक्षले पदीय जिम्मेवारीमा रहँदा पनि र त्यसबाट अवकाश प्राप्त गरिसकेपछि पनि आफ्नो दलीय आबद्धतामा फर्किने विषय नेपालको संविधानले परिकल्पना गरेको नदेखिएको एमालेको ठहर छ । पोखरेलले भण्डारीलाई सक्रिय राजनीतिमा स्वागत नगर्नुको कारण दललाई बलियो बनाउने भन्दा लोकतन्त्रलाई बलियो बनाउनका लागि भएको जिकिर गरेको छ ।

पूर्व राष्ट्रपति एमालेमा प्रवेश गर्दा पार्टी बलियो हुने भए पनि लोकतन्त्र कमजोर हुने एमालेको जिकिर छ । दुई कार्यकाल र ७० वर्षे उमेरहद हटाएका कारणले अध्यक्ष केपी ओली निर्विकल्प भएको भन्ने विषय राजनीतिक कुरामात्रै भएको जिकिर छास विधानअनुसार योग्यता पुगेका कुनै पनि प्रतिनिधि पार्टी अध्यक्षका रूपमा उम्मेद्वार हुन पाउने प्रचार तथा प्रकाशन विभागका प्रमुख राजेन्द्र गौतमले बैठकका निर्णयबारे जानकारी गराएका छन।बैठकले मुलुकको समसामयिक राजनीतिक गतिविधि, सरकारको प्रभावकारिता, विधान महाधिवेशनलगायत समसामयिक विषयमा आठ बुँदे प्रस्ताव पारित गरेको छ । नेपाली जनताको लामो, कष्टपूर्ण र बलिदानी सङ्घर्षका बलमा सयौं वर्ष पुरानो सामन्ती राजतन्त्रलाई अन्त्य गर्दै मुलुकमा सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएको छ। युगान्तकारी परिवर्तन र जनताको सर्वोच्चताको प्रतीकका रूपमा रहेको गणतन्त्रलाई थप प्रतिष्ठित गर्दै संस्थागत, सुदृढ र प्रभावकारी बनाउनु सबै राजनीतिक दल र आम नागरिकको कर्तव्य हो । लोकतान्त्रिक गणतन्त्र एउटा राजनीतिक प्रणाली मात्र होइन। यो आफैंमा संस्कृति, मूल्य र आचरण पनि हो। हामीले अवलम्बन गर्ने अभ्यास, अनुकरण गर्ने शैली र स्थापित गर्ने मान्यताहरूले यसलाई समग्र पद्धतिको रूपमा विकास गर्दै लैजान्छन्। डेढ दशक अगाडि मात्रै स्थापना गरिएको लोकतान्त्रिक गणतन्त्रलाई समग्र प्रणाली र राष्ट्रको जीवनका रूपमा स्थापित गर्न हामीले तदनुरुप सचेतना र संयमका साथ काम गर्दै जानुपर्छ ।

नेपालको संविधानले राष्ट्रपतिलाई राष्ट्रिय एकताको प्रतीक, संविधानको संरक्षक, पालनकर्ता र नेपाली सेनाको परमाधिपति जस्ता गुरुत्तर दायित्व सुम्पिएको छ । यो भूमिका आफैंमा अत्यन्त सम्मानित, गरिमायुक्त र ऐतिहासिक महत्वको छ । राष्ट्रपति संस्थाको यही गरिमामय ओहदालाई ध्यानमा राखेर त्यस जिम्मेवारीमा निर्वाचित हुने व्यक्ति आफ्नो दलीय या अन्य संस्थागत आबद्धताबाट पूर्ण रूपमा मुक्त भएर निष्पक्ष भूमिकामा रहने र पदमा रहँदा संवैधानिक सीमाभित्र रहेर काम गर्ने व्यवस्था नेपालको संविधानले गरेको छ । संवैधानिक राष्ट्राध्यक्षको व्यवस्था रहेको हाम्रो लोकतान्त्रिक प्रणाली कार्यकारी प्रमुखका रूपमा राष्ट्रपति रहने मुलुकको प्रबन्ध भन्दा भिन्न रहेको स्पष्ट छ ।

यस्तो गरिमामय भूमिकामा रहेको राष्ट्राध्यक्षले पदीय जिम्मेवारीमा रहँदा पनि र त्यसबाट अवकाश प्राप्त गरिसकेपछि पनि आफ्नो दलीय आबद्धतामा फर्किने विषय नेपालको संविधानले परिकल्पना गरेको देखिँदैन । यसो गर्दा राष्ट्रपतिले पदीय जिम्मेवारीमा रहँदा सम्पादन गरेका कामहरू विवादित हुन सक्छन् । भविष्यको कुनै आश या त्रासमा रहेर कार्यसम्पादन गरियो भने त्यसको विश्वसनीयतामाथि प्रश्न उठ्ने स्थिति उत्पन्न हुन जान्छ भन्ने कुरामा हामी सबै सजग बन्नैपर्छ । गणतन्त्र नेपालका प्रथम राष्ट्रपतिले यस सन्दर्भमा स्थापना गरेको दृष्टान्त यहाँनिर स्मरणीय छ । मुलुकमा लोकतान्त्रिक गणतन्त्र स्थापित गर्न सात दशकभन्दा बढी समय बलिदानी सङ्घर्षको अग्रमोर्चामा रहेको र नेपालको संविधान निर्माणमा नेतृत्वदायी र निर्णायक भूमिका खेलेको नेकपा (एमाले) यस प्रणालीलाई रक्षा, विकास र सुदृढ गर्न दृढ सङ्कल्पित छ ।

सम्माननीय पूर्व राष्ट्रपति विद्यादेवी भण्डारी नेपाली राजनीतिमा एकजना सम्मानित नाम हो । हिजो आफ्नो पार्टीको केन्द्रीय नेतृत्वमा र उपाध्यक्षको ओहदामा रहँदा होस् या सम्मानित राष्ट्रपतिको जिम्मेवारीमा रहँदा, उहाँले अत्यन्त गरिमामय ढङ्गले ती ओहदाहरूलाई उचित न्याय र उत्कृष्ट कार्य सम्पादन गरेकी छन । नेपालमा लैङ्गिक समानता र समावेशिताको 'आइकन'का रुपमा रहेकी छन । यिनै योगदानका कारण गतः वर्ष नेपाल कम्युनिष्ट पार्टीको हीरक वर्ष समारोहमा 'गणतन्त्र गौरव'का रूपमा सम्मान गरेको सन्दर्भ यहाँनिर स्मरणीय छ । पार्टी नेताका रूपमा रहँदा होस् या मुलुकको राष्ट्राध्यक्ष रहँदा र त्यसबाट अवकाश प्राप्त गर्दा, उनी हाम्रा निम्ति सधैं सम्मानित रहँदै आएकी छन । यिनै पृष्ठभूमि, सन्दर्भ र मान्यतालाई ध्यानमा राखेर केन्द्रीय कमिटीको यो बैठक संवैधानिक राष्ट्रपति, उपराष्ट्रपतिजस्ता उच्च संवैधानिक ओहदामा पुगिसकेको व्यक्ति दलीय राजनीतिमा फर्किने विषय संविधानको मर्म अनुकूल नहुने, यसले पदमा बहाल रहँदा गरेका कामहरूको संवैधानिकता र निष्पक्षतामाथि प्रश्न उठ्ने, लोकतान्त्रिक मूल्यहरूलाई कमजोर गर्ने र व्यक्ति स्वयंको सम्मानित व्यक्तित्वलाई विवादित बनाउने मान्यतामा उभिएर त्यस्तो अभ्यास गर्न नहुने निर्णय गरेको छ ।

## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : मानसिक तनाव | तुला | : आर्थिक समस्या |
| वृष | : ब्यापारमा लाभ | वृश्चिक | : कार्यमा सफलता |
| मिथुन | : शत्रुको भय | धनु | : सहयोग मिल्नेछ |
| कर्कट | : झमेला बढ्ने | मकर | : अप्रत्यसित लाभ |
| सिंह | : शुभ यात्रा | कुम्भ | : सत्कार मिल्नेछ |
| कन्या | : स्वास्थ्यमा सुधार | मीन | : शारीरिक झमेला |

**हरिसिद्धि भविष्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# बागलुङबाट बर्सेनि आठ लाख २२ हजार टन माटो बग्दै

**पोखरापत्र संवाददाता**
बागलुङ, ७ साउन

मनसुन सक्रिय नहुँदै बागलुङको जैमिनी नगरपालिका-९ पैयुथन्थापमा ठूलो बाढी आयो । गत असार २४ गते रातिको बाढीका कारण २५० रोपनी खेत, एक दर्जन खानेपानीका मुहान, सिँचाइ कुलो र केही घर गोठमा क्षति पुऱ्यायो ।

उक्त बाढीको मुख्य कारण अव्यवस्थित ग्रामीण सडक थियो । सडक खन्दा फालिएको माटोसहितको लेदोले खोला थुनिएका कारण बाढी आएर केही समयअघि कालुङखोला आसपासको क्षेत्रमा ठूलो क्षति पुऱ्याएको थियो । यस्ता अव्यवस्थित सडकका कारण बागलुङका अधिकांश खोलानालामा बाढीको जोखिम छ । हचुवाको भरमा खनिएका ग्रामीण सडकका कारण भू-क्षयका घटना बढिरहेका छन् ।

एक अध्ययनले जिल्लाबाट वर्षेनी ८ लाख २२ हजार ६२१ टन टन माटो भू-क्षयका कारण बगेर गएको तथ्याङ्क प्रस्तुत गरेको छ । भू- तथा जलाधार व्यवस्थापन कार्यालय पर्वतले जिल्लामा खेतीयोग्य जमिन, वन, खोलानाला जमिनको नक्सा तयार गरेर माटो बगेको अवस्था पत्ता लगाएको हो । संशोधित विश्वव्यापी माटो क्षति समीकरण (रिभाइज्ड युनिभर्सल सोइल लस इक्वेशन) विधिमार्फत माटो बग्ने मात्रा पत्ता लगाइन्छ । सोही विधि प्रयोग गरी सो तथ्याङ्क पत्ता लागेपछि भू-तथा जलाधार व्यवस्थापन कार्यालयले चिन्ता व्यक्त गरेको छ ।

कार्यालयले स्थानीय तहले नीतिगत रुपमै भू-क्षय नियन्त्रणको योजना बनाएर कार्यान्वयन गर्न नसके ठूलो दुर्घटना निम्तिन सक्ने जनाएको छ। धौलागिरिको चार र कास्कीका गरी पाँच जिल्ला कार्यक्षेत्र रहेको भू-तथा जलाधार व्यवस्थापन कार्यालयले भू-क्षय नियन्त्रणका लागि स्थानीय तहले नीतिगत रुपमै सुधार नगरे ठूलो विनाश ल्याउने जनाएको हो ।

कार्यालयका प्रमुख तथा वरिष्ठ जलाधार व्यवस्थापन अधिकृत शम्भुकुमार मिश्रका अनुसार भू-क्षय नियन्त्रणका लागि हाल भइरहेको विकास निर्माण मुख्य बाधक हो । उहाँले बायोइञ्जिनियरिङमा ध्यान दिन स्थानीय तहसँग सहकार्य गर्दै अघि बढेको बताउनुभयो । स्थानीय तहले विकास निर्माणका लागि पूर्वाधारको लागत तयार गर्दा बायोइञ्जिनियरिङ अर्थात हरित व्यवस्थापनमासमेत रकम छुट्याउन सकेमा भू-क्षय नियन्त्रण हुने मिश्रको भनाइ छ ।

"भू-क्षय नियन्त्रणका लागि बायोइञ्जिनियरिङको प्रयोगले दिगो विकासमा सहयोग पुग्छ, स्थानीय तहले विकास गर्दा कम्तीमा १० प्रतिशत रकम यसमा खर्च गर्नु आवश्यक छ, हालको विकासका पूर्वाधार अर्को वर्ष नरहला तर भू-क्षय नियन्त्रणका लागि गरिने हरित व्यवस्थापनले ठूलो सहयोग पुऱ्याउछ", उहाँले भन्नुभयो "केही स्थानीय तहका जनप्रतिनिधिले यस विषयमा चासो देखाउन थाल्नुभएको छ, तर नीतिगत रुपमै लागत स्टिमेटमा १० प्रतिशत हरित व्यवस्थापनमा खर्चने हो भने ९० प्रतिशत विकास त्यही १० प्रतिशत लागतले जोगाउँछ ।"

पाँच लाखको ग्याबिन जालीको काम गर्दा ग्याबिन जाली वरपर ५० हजार खर्चेर वृक्षरोपण गर्न सकेमा ग्याबिन जाली बग्न नसक्ने उहाँले बताउनुभयो । जैमिनी नगरपालिकाका नगरप्रमुख नरबहादुर पुनले बायोइञ्जिनियरिङ अन्तर्गत विकास गर्ने नीति ल्याउने बताउनुभयो ।

# साउथ एसियाली करातेका पदक विजेता खेलाडी सम्मानित

**पोखरापत्र संवाददाता**
गोरखा, ७ साउन

श्रीलङ्कामा सम्पन्न नवौं साउथ एसियाली कराते प्रतियोगितामा पदक जित्न सफल गोरखाका खेलाडीलाई सम्मान गरिएको छ ।

प्रतियोगितामा स्वर्णपदक जित्न सफल सहिद लखन गाउँपालिका-७ का अर्पण थापामगर र कास्यपदक विजेता सोही गाउँपालिका- ६ की स्मृति गुरुङलाई नेपाल कराते महासङ्घ गोरखाले सम्मान गरेको हो । मगरले जुनियर पुरुष व्यक्तिगत कुमुतेतर्फ ७६ तौल समूहमा प्रतिस्पर्धा गर्नुभएको थियो भने गुरुङले २१ वर्ष मुनिको ६८ केजी तौल समूहमा कुमुते फाइटतर्फ प्रतिस्पर्धा गर्नुभएको थियो । आज एक कार्यक्रमकाबीच दोसल्ला ओढाएर नगदसहित कदर पत्रले उहाँहरुलाई सम्मान गरिएको महासङ्घले जनाएको छ । कार्यक्रमकै अवसरमा केही समयअघि सम्पन्न राष्ट्रिय र गण्डकी प्रदेशस्तरीय कराते प्रतियोगिताका पदक विजेता गोरखाका खेलाडीलाई पनि सम्मान गरिएको थियो । राष्ट्रियस्तरकोप्रतियोगितामावसन्त परियार कास्यपदक जित्न सफल हुनुभएको थियो । गण्डकी प्रदेशस्तरीय प्रतियोगितामा गोरखाले दुई स्वर्ण, एक रजत र दुई कास्य जितेको थियो ।

सृष्टि श्रेष्ठ र रुपेश गुवाजुले स्वर्ण, सुजन गुरुङले रजत, अमृत रानामगर र अनिता नेपालीले कास्यपदक जितेको महासङ्घले जनाएको छ ।

उहाँहरुलाई पनि दोसल्ला ओढाएर नगदसहित कदरपत्रले सम्मान गरिएको हो । कार्यक्रमकै अवसरमा कराते प्रशिक्षक ग्याम्लो लामालाई पनि सम्मान गरिएको छ । लामो समयदेखि जिल्लाको कराते क्षेत्रमा पुऱ्याएको योगदानको कदर गर्दै दोसल्ला ओढाएर कदरपत्रले सम्मान गरिएको हो । श्रीलङ्कामा सम्पन्न नवौं साउथ एसियाली कराते प्रतियोगितामा पदक जित्न सफल मगर र गुरुङलाई सहिद लखन गाउँपालिका-७ ले पनि सम्मान गरेको छ । दोसल्लासहित कदरपत्रले उनीहरुलाई सम्मान गरिएको वडाध्यक्ष शरण श्रेष्ठले बताउनुभयो ।

**रक्तदान जीवनदान**

# पर्यटन प्रवर्द्धनका लागि मौलिक संस्कृति र सम्पदाको संरक्षण

**पोखरापत्र संवाददाता**
म्याग्दी, ७ साउन

पर्यटन प्रवर्द्धनका लागि म्याग्दीको अन्नपूर्ण गाउँपालिका-७ हिस्तानमा मौलिक संस्कृति र सम्पदा संरक्षणगर्न थालिएको छ । यस वडामा बाहुल्य बसोबास रहेको मगर समुदायको मौलिक सम्पदा भूमे थान, धार्मिकस्थल गिद्धेश्वर मन्दिर, कला र संस्कृतिको संरक्षण तथा व्यवस्थापनमार्फत पर्यटन प्रवर्द्धनको प्रयास थालिएको हो ।

भूमे पूजा गर्ने संस्कृतिको निरन्तरताका लागि थानहरूको संरक्षण, मौलिक पुर्ख्यौली नृत्यको पुस्तान्तरण र जनजीवनमा प्रयोग हुने सामग्रीहरूको संरक्षणका सङ्ग्रहालय भवन बनाइएको अन्नपूर्ण-७ का वडाध्यक्ष मइलन गर्बुजा पुनले जानकारी दिनुभयो । मगर समुदायमा भूमे थानको धार्मिक र सांस्कृतिक महत्त्व छ । भूमे थानमा यस समुदायले प्रकृतिको पूजा गर्छन् । धार्मिकस्थल र संस्कृति संरक्षणको साथै पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले यस वर्ष हिस्तानको घराम्दी र रिमास्थित भूमेथानमा पूर्वाधार निर्माण गरेको वडाअध्यक्ष पुनले बताउनुभयो ।

"गाउँपालिकाको रु नौ लाख बजेटबाट घेराबार, पदमार्ग र पर्खाल बनाएर संरक्षण गरिएको हो । रिमाको भूमेथानमा समुदायले आर्थिक सहयोग जुटाएर निरन्तरता दिएका छन्", उहाँले भन्नुभयो, "रु १२ लाख बजेटबाट घराम्दीको भूमेथान वरपर तारजाली लगाएर घेराबार, खानेपानी, सार्वजनिक शौचालय, पदमार्ग र आश्रयस्थल निर्माण भएका छन् ।" प्रधानमन्त्री रोजगार कार्यक्रमको रु छ लाख ९० हजार बजेटबाट घराम्दी गाउँबाट भूमेथान जोड्ने ढुङ्गाको सिँढीसहितको पदमार्ग निर्माण भएको छ । भूमेथान वरपर पर्खाल, तारबार र फलामको घेराबार गरेपछि दुर्घटनाको जोखिम हटेको अन्नपूर्ण-७ का वडा सदस्य गेमबहादुर पुनले बताउनुभयो । "पूजाआजाको समयमा भीडभाड हुँदा साँघुरो ठाउँमा लडेर दुर्घटना हुने जोखिम थियो", उहाँले भन्नुभयो, "घेराबार, पदमार्ग र खानेपानीलगायत पूर्वाधार बनेपछि सहज र सुरक्षित भएको छ ।" भूमेपूजाका लागि सहरबजार र विदेशमा गएकाहरू पनि आफ्नो जन्मथलो फर्कंदा चहलपहल हुन्छ । "म्याग्दीका सबै मगर बस्तीमा जेठ महिनामा भूमे पूजा गर्ने चलन छ । केही ठाउँमा मङ्सिरमा भूमे पूजा गरिन्छ । गाउँलेहरू भेला भएर साझा रूपमा भूमे पूजा गरेर भोज र मगर संस्कृतिमा आधारित पुर्ख्यौली नाच प्रस्तुत गर्छन्", उहाँले भन्नुभयो । विपद् र अनिष्ट नहोस् भन्ने कामनासहित भूमेको थानमा भैंडाको साँढेको बलि चढाएर नाचगान गर्दै जमिन र प्रकृतिको पूजा गर्ने चलन रहेको अन्नपूर्ण-७ का पूर्ववडाध्यक्ष गमप्रसाद फगामीले बताउनुभयो । उहाँका अनुसार अन्नपूर्ण गाउँपालिकाले टिकोटमा पर्यटक आकर्षित गर्न, भुलाउन र परम्परागत मौलिक सामग्रीको संरक्षण गर्न सङ्ग्रहालय स्थापनाका लागि भवन बनाइएको छ । पछिल्लो दुई आर्थिक वर्षमा विनियोजन भएको रु २९ लाख बजेटबाट निर्माण भएको दुईतले भवनमा दैनिक जीवनयापनमा प्रयोग हुने परम्परागत मौलिक सामग्री सङ्कलन गरेर राखिने वडा सदस्य बुद्धिवीर पुनले बताउनुभयो ।

यसैगरी, हिस्तानको औलास्थित धार्मिकस्थल गिद्धेश्वर मन्दिर जोड्ने पदमार्गलगायत पूर्वाधार निर्माणका लागि चालु आर्थिक वर्षमा रु १५ लाख बजेट विनियोजन भएको छ । विभिन्न टोलका पुर्ख्यौली नृत्य समूहलाई पोसाक सहयोग र युवा पुस्तालाई कला हस्तान्तरणका लागि प्रशिक्षण सञ्चालन भएका छन् । हिस्तानको घराम्दीस्थित प्यारीबाराही तालको वरपर पदमार्ग निर्माण र तालमा उम्रिएको झार निकालेर सफा गरिएको छ । गुराँसे जङ्गलका बीचमा रहेको हिस्तानको फूलबारीमा गुराँस पार्क बनाइएको छ । अन्नपूर्ण-धौलागिरि सामुदायिक पर्यावरणीय र करवाकेली पदमार्गमा समेटिएको हिस्तानको आकर्षण प्रकृति र संस्कृति हो ।

# पर्यटक तान्दै चौरीखर्क

**डम्मर बुढामगर**
बागलुङ, ७ साउन

रङ्गीचङ्गी बुकी फूलले भरिएको मनमोहक ठाउँ, छिनछिनमै लुकामारी गर्ने बादल, त्यसमाथि सिरसिर चल्ने हावा पर्यटकलाई चौकीखर्कसम्म तान्न पर्याप्त छन् । स्थानीयहरु यो ठाउँलाई चुङ्री भन्छन् । यही चुङ्री केही समययता प्रकृतिप्रेमीका लागि गन्तव्य बन्दै गएको छ ।

हरिया डाँडामा सुस्ताउँदै प्राकृतिक सुन्दरतामै झुम्न रमाउनेका लागि यो अनुपम थलो हो भन्दा फरक पर्दैन । उत्तरतर्फ फैलिएका हिमशृङ्खला र भेडीगोट पर्यटकका लागि भुल्ने बाहना बनिदिन्छन् । बागलुङ र पूर्वीरुकुमको सीमा क्षेत्रका गोठला र भेडा डुल्ने समुन्द्री सतहदेखि करिब चार हजार मिटरको उचाइको चौकीखर्क गत वर्षसम्म धेरैका लागि अपरिचित जस्तै थियो । तर विभिन्न सञ्चारमाध्यम र सामाजिक सञ्जालमार्फत प्रचारप्रसार हुन थालेपछि बाहिरी मानिसका लागि यो परिचित बन्दै गएको छ । राष्ट्रिय गौरवको आयोजना मध्यपहाडी लोकमार्गअन्तर्गत दुई जिल्लाको सिमाना पातीहाल्नेदेखि सहज रुपमा चौरीलेकमा पुग्न सकिने हुँदा पछिल्लो समय दैनिक पर्यटक आउने गरेका छन् ।

लेकाली हावापानी र पोषिलो घाँस पाइने हुँदा वर्षौंदेखि बागलुङ, पूर्वीरुकुम, रोल्पा र म्याग्दीका गोठालाहरु वर्षाको समयमा यहाँ आउने गर्छन् । पातीहाल्नेदेखि करिब आधा घण्टा गाडीको यात्रा र साढे दुई घण्टा पैदल यात्रापछि चौकीखर्क लेकमा पुग्न सकिन्छ । दुई जिल्लाको सङ्गमस्थलका रुपमा रहेको चौरीखर्कमा पर्यटकको चहलपहल हुन थालेपछि गोठालाहरु अहिले दङ्ग छन् ।



पहिले सुनसान हुने उक्त ठाउँमा अहिले डाँडैभरी पर्यटक भरिने गरेको बागलुङको निसीखोला गाउँपालिका-६ का गोठाला भागविर घर्ती मगरले बताउनुभयो । "गत वर्ष भदौमा हो जस्तो लाग्छ १२/१५ जनाको टोली चौरीखर्कमा आएको थियो, त्यसपछिका दिनमा यहाँ आउनेहरु बढ्दै गरेको देखिन्छ", उहाँले भन्नुभयो । आफू जेठको अन्तिम साता गोठ लिएर चौरीखर्क आएको भन्दै असारमै महिनामै सयौं पर्यटक लेकमा आइसकेको घर्ती मगरले बताउनुभयो । "यो लेक त गोठालाका लागि प्यारो थियो, तर अहिले त घुम्न आउने मान्छेहरुलाई पनि राम्रो लाग्न थालेछ, कोही बिहान आएर साँझ फर्किन्छन् त कोही एक/दुई दिन टेण्ट टाँगेरै बस्छन्", घर्ती मगरले भन्नुभयो, "अहिले दैनिक एक सय मान्छे आउने गरेका छन्, बिदा हुँदा त यहाँको डाँडाहरु सबै मान्छेले भरिन्छन्, उनीहरुले भेडाका बथान, फूल, गोठ र हामी गोठलाहरुसँग फोटो खिच्न रुचाउँदा रैछन् ।" पर्यटकलाई लक्षित गरी यहाँ अघिल्लो वर्ष पदमार्ग निर्माण भएको छ । वर्षाको समयमा चारैतिर हरियाली देखिने, वनफूल फूल्ने र भेडीगोठ भेटिने हुँदा पर्यटक बढ्न थालेको पूर्वीरुकुमको भूमे गाउँपालिका-१ गोठाला नमसिंह गुरुङले बताउनुभयो । पर्यटन डिभिजन कार्यालय बाँकेका प्रमुख टङ्कनाथ खनालले अघिल्लो वर्ष रु १० लाखमा रुकुमपूर्वको रानीबास-पाइपा हुँदै चौरीखर्क जोड्ने गरी करिब पाँच किलोमिटर पदमार्ग निर्माण गरेको बताउनुभयो ।

यसवर्ष पनि पदमार्गसहित थप पूर्वधार निर्माणका लागि लुम्बिनी प्रदेश सरकारले रु २५ लाख विनियोजन गरेको उहाँको भनाइ छ । प्रमुख खनालले भन्नुभयो, "गत वर्षदेखि यहाँ आउने पर्यटक बढेका छन्, यस क्षेत्रलाई प्रवर्द्धन गर्न लम्बिनी प्रदेश सरकारले पनि ध्यान दिएको छ, अघिल्लो वर्ष कोइपामा जलाकी निर्माण भएको छ, त्योसँगै पदमार्ग पनि बनेको छ, यसको प्रचारप्रसार गर्ने, पूर्वाधार थप्ने र चौरीखर्कलाई उत्कृष्ट गन्तव्य बनाउने गरी काम भइरहेको छ ।" तुल्सीपुर दाङबाट घुम्न आउनुभएका पारस न्यौपानेले चौरीखर्क लेक निकै मनमोह रहेको प्रतिक्रिया दिनुभयो । दाङबाट बुटवल, गुल्मी, बागलुङको बुर्तिवाङ र निसीखोला हुँदै यहाँ आएको उहाँको भनाइ छ । यो याममा दाङमा निकै गर्मी रहेको भन्दै चौरीलेक आएपछि निकै आनन्द आएको न्यौपानेले अनुभव सुनाउनुभयो । सरकारले पातीहाल्नेदेखि चौरीलेकसम्म पुग्ने विभिन्न ठाउँमा ठाउँ चिनाउने बोर्ड र ठाउँठाउँमा विश्रामस्थल बनाउन सके पर्यटकलाई सहज हुने उहाँको बुझाइ छ ।

